" कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि "
हिलिहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर
कोशी प्रदेश, नेपाल
अध्यक्ष :- ९८५२६८११७२
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र.प्र.अ :- ९८५२६८४४७७

# सेवा करारमा प्राविधिक तर्फ सहायकस्तर चौथो तहका पदहरूको खुला प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. १०/०८३-८४, मिति २०८३/०६/०८ गते बिहिबार**

हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत तपसिल सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा (खुला) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले प्रचलित कानून बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित तोकिएको ढाँचामा दरखास्त आवेदन पेश गर्नुपर्नेछ।

**तपसिलः-**

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ३/२०८३/८४ | खुला | अ.न.मी. | ४ | स्थानीय स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री | १ | मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत करार |
| २. | ४/२०८३/८४ | खुला | अ.हे.ब. | ४ | स्थानीय स्वास्थ्य/हे.इ. | ३ | |

**क) परीक्षाको किसिमः**- सेवा सम्बन्धी लिखित र मौखिक (अन्तर्वार्ता)।

**ख) परीक्षा मितिः**- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशनसँगै तोकिनेछ।

**ग) परीक्षा केन्द्रः**- हिलिहाङ गाउँपालिकाको सभाहल, पाँचथर।

**घ) दरखास्त दस्तुरः** रु.४००/-

**ङ) दरखास्त दिने अन्तिम मितिः** २०८३/०६/२३ गते र दोब्बर दस्तुर तिरेर २०८३/०६/३० गतेसम्म।

**च) दरखास्त दस्तुर बुझाउने स्थान र विधिः**- गाउँपालिकाको कार्यालयको राजस्व शाखामा प्रत्यक्ष उपस्थित भई वा कुनै पनि बैंकमार्फत SuTRA बाट सृजित भौचरबाट गाउँपालिकाको **HILIHANG GA-1-1 ANTARIK RAJASWO १२०५११८२२४००३५ र राजस्व शिर्षक १४२२४** मा रकम दाखिला गर्न सकिनेछ।

**छ) दरखास्तको माध्यमः** गाउँपालिकाको प्रशासन शाखामा स्वयं उपस्थित भएर वा कार्यालयको ईमेल info@hilihangmun.gov.np मा सम्पूर्ण कागजातहरू स्क्यान(Scan) गरी .pdf (format) मा पठाउन सकिनेछ।

**ज) उम्मेदवारको उमेरको हदः**- २०८३/०६/२३ गतेसम्म १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको।

**झ) पदमा रही गर्नुपर्ने कामको विवरणः**- सम्बन्धित सेवा समूहको पदलाई तोकिएको कार्य।

**ञ) तलबः**- प्रचलित कानूनमा तोकिए बमोजिम।

**ठ) आवश्यक न्यूनतम योग्यताः-**

१. अ.न.मी., तह ४, स्वास्थ्य सेवा, नर्सिङ समूह, मिडवाइफ्री नर्सिङ उपसमूहः मान्यता प्राप्त शिक्षणसंस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण गरी नेपाल नर्सिङ परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

२. अ.हे.ब., तह ४, स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूहः- मान्यता प्राप्त शिक्षणसंस्थाबाट अ.हे.ब. वा सी.एम.ए. कोर्ष उत्तीर्ण गरी सम्बन्धित व्यवसायिक परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।



टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

" कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि "

# हिलिहाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पञ्चमी, पाँचथर

कोशी प्रदेश, नेपाल

अध्यक्ष :- ९८५२६८११७२
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र.प्र.अ :- ९८५२६८४४७७

**ठ) दरखास्त फाराम पाईने स्थान:-** हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पाँचथर वा कार्यालयको वेवसाईट www.hilihangmun.gov.np मा गई नागरिक सेवा-> *दरखास्त फाराम* डाउनलोड गर्न सकिनेछ ।

**ड) दरखास्त फाराम बुझाउने स्थान:-** हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी, पाँचथर वा कार्यालयको ईमेल info@hilihangmun.gov.np मा सम्पूर्ण कागजातहरू स्क्यान(Scan) गरी पठाउन सकिनेछ ।

**ढ) दरखास्त फारामसाथ पेश गर्नु पर्ने कागजातहरू:-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरू (१) आफूले दरखास्त दिन चाहेको पद विज्ञापन नं. खुलाएको निवेदन १(एक) प्रति, (२) तोकिएको आवेदन फाराममा विवरण भरी फोटो समेत टाँस गरेको १(एक) प्रति, (३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १(एक) प्रति, (४) तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि, (५) कार्य अनुभव खुल्ने कागजातहरू (अतिरिक्त) ।

**ण) थप जानकारीको लागि:-** सम्पर्क नं. ९८४४६२९१०२, ९८१७९७४१८८

**द्रष्टव्य:**

(क) सेवा तर्फका पदहरूमा दरखास्त दिन सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भई व्यवसाय अनुमति प्रमाणपत्र प्राप्त गरी म्याद कायम भएको हुनु पर्नेछ ।

(ख) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ग) कार्यालयद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको जुनसुकै माध्यमबाट प्राप्त भएको दरखास्त स्वीकृत गरिने छैन ।

(घ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक भनी उल्लेख गरिएका कागजातहरूको सक्कल प्रति अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

(ङ) पाठ्यक्रम तथा अन्य व्यवस्था: कोशी प्रदेश लोक सेवा आयोगले तोके बमोजिम हुनेछ । अन्य व्यवस्था हिलिहाङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम हुनेछ ।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत